अध्याय 15



नारदीय कीर्तन पद्धति, श्री चोलकरको
चिनी बिनाको चिया, दुई माउसुली

छैटौं अध्याय अनुसार शिरडीमा रामनवमी उत्सव मनाइने गरिन्थ्यो भन्ने कुरा पाठकहरूलाई संझना नै होला। यो कसरी प्रारम्भ भयो र पहिलो वर्षमा नै यो मौकामा कीर्तन गर्नको लागि एक राम्रो हरिदास पाउन के के कठिनाइ पर्‍यो, यसको पनि वर्णन वहीं गरिएको छ। यो अध्यायमा दासगणूको कीर्तन पद्धतिको वर्णन हुनेछ।

नारदीय कीर्तन पद्धति :-

धेरै जसो हरिदास कीर्तन गर्ने समयमा एउटा लामो अंगरखा र पूरा पोशाक पहिरन्छन्। उनीहरू शीरमा फेटा या साफा बाँध्छन् र एक लामो कोट त्यस्तै भित्र कमिज, काँधमा गम्छा र सधैंकै जस्तो एउटा लामो धोती पहिरन्छन्। एकपटक गाउँमा कीर्तनको लागि जान लागेका दासगणू पनि माथि भनिएकै तरीकाले सजधज भएर बाबालाई ढोग्न पुगे। बाबाले उनीलाई देख्नासाथै भन्न लाग्नु भयो- “अँ! लौ दुलाहा राजा यस्तो किसिमले कसिकसाउ गरेर कहाँ जाँदैछौ”? “कीर्तनको लागि” भन्ने उत्तर मिल्यो। बाबाले सोध्नु भयो “कोट, गम्छा र फेटा यी सबको आवश्यकता नै के छ? यिनलाई अहिल्यै मेरै अगाडि फुकाल। यो शरीरमा यी धारण गर्ने (लाउने) कुनै आवश्यकता छैन”। दासगणूले तुरून्तै लुगा फुकालेर बाबाको श्री चरणमा राखिदिए। फेरि कीर्तन गर्ने समयमा दासगणूले यी लुगाहरू कहिल्यै पहिरिनन् (लगाएनन्)! उनी सधैं नै कमरभन्दा माथिको अंग खुलै राखेर हातमा करताल र गलामा माला पहिरिर मात्र कीर्तन गर्ने गर्दथे। यो पद्धति हरिदासहरूद्वारा अपनाइएको

पद्वतिसँग मिल्दो होइन। तर पनि यो पद्वति शुद्व तथा पवित्र छ। कीर्तन पद्धतिका जन्मदाता नारदमुनि कटिभन्दा माथि शिरसम्म कुनै वस्त्र धारण गर्दैनथे। उनी एक हातमा वीणा मात्र लिएर हरि-कीर्तन गर्दै तीन लोकमा घुम्दथे।

श्री चोलकरको चिनी बिनाको चिया :-

बाबाको कीर्ति पूना र अहमदनगर जिल्लामा फैलिसकेको थियो। तर श्री नाना साहेब चाँदोरकरको व्यक्तिगत वार्तालाप तथा दासगणूको मधुर कीर्तनद्वारा बाबाको कीर्ति कोंकण (बम्बईको प्रान्त) मा पनि फैलियो। यसको श्रेय केवल श्री दासगणूलाई नै छ। भगवान्ले उनलाई सदैव सुखी राखून्। उनले आफ्नो सुन्दर प्राकृतिक कीर्तनद्वारा बाबालाई घर-घर पुर्‍याइदिए। श्रोताहरूको रूचि धैरैजसो भिन्न-भिन्न प्रकारको हुन्छ। कसैलाई हरिदासहरूको विद्वता, कसैलाई भाव, कसैलाई गायन त कसैलाई चुट्किला कुरा तथा कसैलाई वेदान्त विवेचना र कसैलाई उनको मुख्य कथा मन पर्ने हुन्छ। तर यस्ता व्यक्ति विरलै छन् जसको हृदयमा सन्तकथा या कीर्तन सुनेर श्रद्वा र प्रेमको लहर उठ्दछ। श्री दासगणूको कीर्तनले श्रोतहरूको हृदयमा स्थायी प्रभाव पार्दथ्यो। एउटा यस्तो घटना तल दिइन्छ।

एक समय ठाणाको श्री कौपिनेश्वर मन्दिरमा श्री दासगणू कीर्तन र श्री साईबाबाका गुणगान गरीराखेका थिए। श्रोताहरूमा ठाणाका दीवानी न्यायालयका एउटा अस्थायी कर्मचारी चोलकर नामका व्यक्ति त्यहाँ उपस्थित थिए। दासगणूको कीर्तन सुनेर उनी ज्यादै प्रभावित भए र मनमनै बाबालाई ढोगेर प्रार्थना गर्न लागे "हे बाबा! म एउटा गरीब व्यक्ति हूँ र आफ्ना परिवारको भरणपोषण पनि राम्रोसँग गर्न असमर्थ छु। यदि म हजूरको कृपावाट विभागीय परीक्षामा उत्तीर्ण भएँ भने हजूरका श्री चरणमा उपस्थित भएर हजूरको निमित्त मिश्रीको प्रसाद बाँड्ने छु।

भाग्यले पल्टा खायो र चोलकर परीक्षामा उत्तीर्ण भए। उनको नोकरी पनि स्थायी भयो। अब केवल उनले गरेको संकल्प मात्र बाँकी रह्यो। "शुभस्य शीघ्रम" (राम्रो कुरा चाँडै नै गर्नुपर्छ)। श्री चोलकर गरीब त छँदै थिए, नै र त्यसमाथि उनका परिवार पनि ठूलो थियो।

यसैले उनी शिरडी यात्राको लागि बाटा खर्च जुटाउन असमर्थ भए। ठाणा जिल्लामा "नाणेघाट र सह्याद्रि पर्वतका श्रेणीहरू जो कोहीले पनि सजिलोसँग पार गर्न सक्छ, तर गरीबसाई "उबर-घाट" (गृहचक्कर) पार गर्न बडो कठिन हुन्छ।" भन्ने एउटा कहावत (भनाइ) प्रचलित छ। श्री चोलकर आफ्नो संकल्प चाँडोभन्डा चाँडो पूरा गर्नको लागि उत्सुक थिए। उनले कम खर्ची बनी आफ्नो खर्च घटाएर पैसा बचाउने निश्चय गरे। यस कारण उनले चिनी नभएको चिया पिउन प्रारम्भ गरे र यस्तो किसिमले केही धन जम्मा गरी उनी शिरडी पुगे। उनले बाबाको दर्शन गरी चरणमा परेर नरिवल चढाए र आफ्नो संकल्प अनुसार श्रद्धापूर्वक मिश्री बाँडे। अनि बाबासँग "हजूरको दर्शनले मेरो मनमा ज्यादै प्रसन्नता भयो। मेरा सम्पूर्ण इच्छाहरू त हजूरको कृपादृष्टिबट उसै दिन पूर्ण भइसकेको थियो" भने।

श्री चोलकरलाई पाहुना रूपमा सत्कार गर्ने श्री बापू साहेब जोग पनि मसजिदमै उपस्थित थिए। जब ती दुबै त्यहाँ (मसजिदमा) दिनहुँ जानलागे अनि बाबाले जोगलाई "आफ्ना पहुनालाई चियाको प्याला राम्रोसँग चिनी पुन्याएर दिनू" भन्न लाग्नुभयो। यी खास मतलबपूर्ण शब्दहरूलाई सुनेर श्री चोलकरको हृदय भरिएर आयो र साथै ज्यादै आश्चर्य पनि लाग्यो। उनका आँखाबाट आँसुका धारा बग्न थाले र उनी प्रेमले विह्वल भएर श्री चरणमा परे। श्री जोगलाई "धेरै चिनी भएको चियाको प्याला पाहुनालाई देऊ" भन्ने यो विचित्रको आज्ञा सुनेर वास्तवमा यसको अर्थ के होला भनी ठूलो कौतूहल भइरहेथ्यो। बाबाको उदेश्य त श्री चोलकरको हृदयमा केवल भक्तिको बीजारोपण गर्नु नै थियो। बाबाले उनीलाई वहाँ उनको चिनी छोड्ने गुप्त अठोटसँग राम्ररी परिचित हुनुहुन्छ भनी संकेत गर्नु भएको थियो।

बाबाको भनाइ यस्तो थियो "यदि तिमीले श्रद्धापूर्वक मेरो अगाडि हात फैलाउँछौं भने म सधैंभर तिम्रो साथमा रहनेछु। शरीरबाट म यहाँ छु तापनि मलाई सात समुद्रपारी घट्ने घटनाको पनि ज्ञान छ। म तिम्रो हृदयमा विराजमान, तिम्रोभित्र रहने (आत्मा) नै हूँ। तिम्रो तथा सम्पूर्ण प्राणीहरूको हृदयमा जसको बास छ, त्यसैको नै पूजा गर। धन्य र

सौभाग्यशाली तिनै हुन् जो मेरो सर्वव्यापी स्वरूपसँग परिचित छन्" बाबाले श्री चोलकरलाई कति सुन्दर तथा महत्वपूर्ण शिक्षा प्रदान गर्नु भयो।

दुई माउसुलीको मिलन :-
अब म दुइटा साना माउसुलीहरूको कथासँगै नै यो अध्याय समाप्त गर्ने छु। एक पटक बाबा मसजिदमा बस्नु भएकै बखतमा एउटा माउसुली किर्-किर् गर्न लाग्यो। कौतूहलवस् एउटा भक्तले बाबालाई सोधे "माउसुली किर-किर कराउनुको के कुनै विशेष अर्थ छ? "यो शुभ हो या अशुभ ?" बाबाले भन्नुभयो- "यो माउसुलीकी बहिनी आज औरंगाबादबाट यहाँ आउने भएकी छ। यसैले यो खुशीले यति फुर्केकी छ कि त्यसको सीमै छैन"। उनले बाबाका शब्दहरूको अर्थ बुझ्न सकेनन्। यसैले चूपचापसँग उहीं बसी रहे।
यसै समयमा औरंगाबादबाट एउटा घोडचढी घोडामा चढेर बाबाको दर्शनको लागि आयो। ऊ त अगाडि जान खोज्दथ्यो, तर घोडा ज्यादा भोको हुनाले अगाडि बढ्दैनथ्यो। अनि उसले चना ल्याउनाको निमित्त एउटा थैली निकाल्यो र धूलो भार्नको लागि त्यसलाई भुईमा पछार्दा त त्यसबाट एउटा माउसुली निक्ल्यो र सबैले हेर्दा हेर्दैमा नै त्यो भित्तामाथि चढ्यो। बाबाले प्रश्न गर्ने भक्तलाई ध्यानपूर्वक हेर्न भन्नुभयो। माउसुली तुरून्तै गर्वपूर्वक आफ्नी बहिनी कहाँ पुगीसकिथी। दुवै बहिनीहरू धैरै बेरसम्म एउटीले अर्कीसँग भेटी र आपसमा चुम्बन र आलिंगन गरी चारैतिर घुमी घुमीकन प्रेमपूर्वक नाच्न लागे। कहाँ शिरडी कहाँ औरङ्गाबाद। कस्तो प्रकारले एउटा मान्छे घोडामा सवार भएर थैलीमा माउसुलीलाई लिएर त्यहाँ पुग्दछ र बाबालाई ती दुइटी बहिनीहरूको भेटको पत्ता कसरी हुन सक्तछ- यो सब घटना ज्यादै आश्चर्यजनक छ र बाबाको सर्वव्यापकता जनाउने खाले छ।
शिक्षा :-
जो कोहीले यो अध्यायालाई ध्यानपूर्वक पठन र मनन गर्ला, साई कृपाबाट उसका सम्पूर्ण कष्ट दूर हुन जानेछन् र परमसुखी भएर शान्ति प्राप्त गर्नेछ।

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।

मंगल होओस्।।